# स्थानीय राजपत्र

खण्ड: ३ संख्या: ५ मिति: २०७६ साल माघ १५ गते

भाग :- २

तातोपानी गाउँपालिकाद्वारा प्रकाशित

# तातोपानी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि-२०७६

कार्यपालिकाबाट पारित मिति : २०७६/०७/२०

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति ब्यवस्थापन कार्यविधि, २०७६

प्रकाशक
तातोपानी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
तातोपानी, जुम्ला
कर्णाली प्रदेश, नेपाल

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६

**तातोपानी गाउँ कार्यपालिका मिति २०७६/७/२० को निर्णयबाट स्वीकृत**

**प्रस्तावना:**

तातोपानी गाउँपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुँच सबै गाउँपालिका वासीहरुमा पुर्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २(घ) बमोजिम तातोपानी गाउँ कार्यपालिकाबाट स्वीकृत भई खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि बनाईएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम, बिस्तार र प्रारम्भ:**

क) यस कार्यविधिको नाम खानेपानी तथा सरसफाई उपोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ रहेको छ ।

ख) यो कार्यविधि तातोपानी गाउँपालिका भित्र लागू हुनेछ ।

ग) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

**२.परिभाषा:**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनु पर्दछ ।

ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तातोपानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्दछ ।

घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तरगत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद २
## दर्ता तथा समिति संचालन व्यवस्थापन

**३.उपभोक्ता समिति दर्ता गर्नु पर्ने:**

स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुदैन ।

**४.खानेपानी मूल दर्ता गर्नुपर्ने:**

गाउँपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मूख्य श्रोत, मूहान, मूलबाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मूल सहित आधिकारिक समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्य श्रोत, मूहान, मूल दर्ताको लागि गाउँपालिका समक्ष माग गर्नु पर्नेछ । माग भएपछि निम्न अनुसार ५ (पाँच) सदस्यीय समितिले मूल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्थामा मूल दर्ता सहितको अनुमति दिन सकिनेछ । सो मितिमा राय वाझिएमा बहुमतको निर्णय मान्य हुनेछ ।



क) गाउँपालिकाको अध्यक्ष -संयोजक
ख) गाउँपालिका उपाध्यक्ष -सदस्य
ग) सम्वन्धित वडाको अध्यक्ष -सदस्य
घ) वडा अध्यक्षले तोकेको सम्वन्धित वडाको सदस्य (महिला) -सदस्य
ङ) प्रमुख प्रकाशसकीय अधिकृत -सदस्य सचिव

**५.समिति दर्ता:**

१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले समिति सम्वन्धी देहायको विवरण खुलाई समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका अध्यक्ष समक्ष अनुसूची-१ को ढाँचामा निवेदन दिन पर्नेछ ।
क) समितिको नाम,
ख) उद्देश्यहरु
ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपि
घ) कार्यालयको ठेगाना
ङ) समिति संचालनको विधि र प्रक्रिया

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा ४ को समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण पत्र दिनेछ ।

३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ (पैतीस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ।

५) यस दफा अन्तर्गत दिईने प्रमाण पत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ। नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।

६) दर्ता भएको समिति प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु पर्नेछ। दर्ता दस्तुर रु.२,०००/- (दुई हजार), नविकरण दस्तुर वापत रु.१,०००/- (एक हजार) तिर्नु पर्नेछ। समितिले आ.व. समाप्त भएको १(एक) महिना भित्रमा नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु.५००/- (पाँच सय) रुपैया थप लाग्नेछ।

## ६.समिति संगठित मानिने:

१. यस कार्यविधि अन्तर्गत दर्ता कएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ। सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

२. समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालेस लाग्नेछ।

## ७.संस्थाको सम्पतिः

१. समितिको सदस्य वा कर्मचारी लगायत कुनै ब्यक्तिले समितिको विधान बिरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाको त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ।



२. उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने ब्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ।

३. समितिको सदस्य वा कर्मचारी लगायत कुनै ब्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखित वा प्रतिष्ठा बिरुद्ध कुनै अपराध वा बिराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानून बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ।

## ८. यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने:

१. यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भई रहेको समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६(छ) महिना भित्र यो कार्यविधि बमोजिमको सूचिकृत गराउनु पर्नेछ। सूचीकृत दर्ता हुनको लागि गत आ.ब.सम्मको लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

# परिच्छेद ३
# उद्देश्य, वर्गिकरण तथा समिति गठन

## ९.समितिको उद्देश्यमा हेरफेर:

१. समितिको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ।

२. साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारणसभाबाट पारीत भएको मानिनेछ तर सो प्रस्ताव लागू गर्न गाउँपालिकाको

पूर्व स्वीकृत लिनु पर्नेछ ।

## १०.समितिको बर्गिकरण:

दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेको खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको बर्गिकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क बर्ग)

२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख बर्ग)

३) ५०० जनासम्म उपभोक्ता सदस्य भएको (ग बर्ग)

## ११.तदर्थ समिति गठन गर्न सकिने:

यस अघि दर्ता स्वीकृति प्राप्त गरी संचालनमा रहेको नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्त समिति गठन प्रकृया पुरा नगरेमा त्यस्तो तदर्थ समिति वा अवधि पुरा भएका उपभोक्ता समितिहरुलाई बिघटन गरी संचालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्वन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई ब्यवस्थापन गर्न सकिनेछ ।

## १२.संघ गठन गर्न सकिने:

दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँस्तरीय



खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघक प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पूर्ण उपभोक्ता समितिहरुला ब्यवस्थित रुपमा संचालन गरिनेछ ।

## १३.हिसावको विवरण पठाउनु पर्ने:

उपभोक्ता समितिले आफ्नो समितिको हिसावको विवरण लेख परीक्षकको प्रतिवेदन सहित आ.ब. समाप्त भएको १(एक) महिना भित्र गाउँपालिकामा पठाउनु पर्नेछ ।

## १४.हिसाव जाँच गर्ने:

१. प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफूले नियुक्ति गरेको अधिकृद्वारा जाँच गराउन सक्नेछ ।

२. उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत गाउँपालिकाले हिसाव जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको सडकडा तीन (३) प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असूल गरी लिन सक्नेछ ।

३. हिसाव जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाव जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कायम पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भनी गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ तर, प्रचलित कानूनले सजाय समेत हुन अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्नेछ ।

## १५.निर्देशन दिने:

गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र

त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित समितिको कर्तब्य हुनेछ ।

**१६.दण्ड सजाय:**

१. दफा (४) बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (५) वमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

२. दफा (१३) बमोजिम हिसावको विवरण नपठाएमा उपभोक्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ तर कुनै सदस्यले दफा (१३) उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

३. दफा (१४) को उपदफा (१) बमोजिम हिसवा जाँच गर्ने सम्वन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैयासम्म जनही जरिवाना गर्न सक्नेछ ।

४. दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृत नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसँग गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१७.पुनरावेदन:**

दफा(१६) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५(पैतीस) दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।



**१८.समितिको विघटन वा त्यसको परिणाम:**

१. समितिको विधान बमोजिम संचालन गर्न नसकी वा अन्य कुनै कारण वश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

२. उपदफा (१) बमोजिम बिघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व गाउँपालिकाले ब्यहोर्नेछ ।

३. उपदफा (१) बमोजिम बिघटन भएको समितिको दयित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानून अनुरूप असूल उपर गरिनेछ ।

**१९. नियम बनाउने अधिकार:**

यस कार्यविधिको उद्देश्य कार्यान्यन गर्न गाउँपालिकाकोले नियम बनाउन सक्नेछ ।

**२०.विघटन तथा संचालन:**

समितिले आफ्नो बिधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभएसम्म गाउँपालिकाले तोकेको अनुरुपको समितिबाट समिति संचालन गर्नेछ ।

**२१.खारेजी र बचाउ:**

खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागू हुनु पूर्व जलश्रोत ऐन, २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्वन्धित)

### निवेदन पत्रको ढाँचा

श्रीमान गाउँपालिका अध्यक्ष ज्यू,
तातोपानी गाउँकार्यपालिकाको कार्यालय, जुम्ला ।

महोदय,

हामीले........................ उपभोक्ता समिति गठन गरी दर्ता गराउन चाहेकाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति ब्यवस्थापन कार्यविधि, २०७६ दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको एक प्रति विधान र दुई हजार रुपैया दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण

१. उपभोक्ता समितिको नाम:

२. कार्यक्षेत्र:

३. उद्देश्यहरु:
   - क) ...........
   - ख) ...........
   - ग) ...........

४. सदस्यहरुको नाम, ठेगाना, पेशा र ना.प्र.प.नं.
   - क) ................
   - ख) .................
   - ग) ................
   - घ) ................
   - ङ) ..............
   - च) ..................



   - छ) ...............

५. उपयोग गरिने जलश्रोतको विवरण
   - क) जलश्रोतको नाम र रहेको ठाउः
   - ख) जलश्रोतबाट गरिने प्रयोग
   - ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलश्रोतको परिमाण
   - घ) उक्त जलश्रोतको हाल भई रहेको उपयोग

६. उपभोक्ता संस्थाले पुर्योउन चाहेको सेवा सम्वन्धी विवरण
   - क) सेवाको किसिम
   - ख) सेवा पुऱ्याउने क्षेत्र
   - ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या
   - घ) भविश्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक श्रोतको विवरणः

८. कार्यालयको ठेगानाः निवेदक, उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेको दस्तखत, नाम, पद, ठेगाना

निवेदक
उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेको
दस्तखतः
नामः
पदः
ठेगानाः

## अनुसूची-२

(दफा ५ को उपदफा ५ सँग सम्वन्धित)

दर्ता नं.

मिति:......................

## उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र

तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, तातोपानी, जुम्ला

श्री (सम्वन्धित उपभोक्ता संस्थाको नाम)...................................... खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ को दफा (५) को उपदफा (२) बमोजिम ............... साल ............. महिना .............. गतेमा यस कार्यालयमा दर्ता गरी दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७६ बमोजिम आफ्नो कार्य संचालन गर्नुहोला।

उपभोक्ता संस्था दर्ता प्रमाण पत्र दिने

दस्तखत:

नाम:

मिति:

पद: प्रमुख प्रशासकीय अधिकृत

कार्यालय: तातोपानी गाउँपालिका, जुम्ला।